प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY




वर्ष-१६ ।। अङ्क : १४३ ॥ २०८१ असार १९ गते बुधबार (3rd Jul 2024 Wednesday) Pratidin National Daily मूल्य-रु.५/-

# कांग्रेस र एमाले सत्ताका लागि एक ठाउँ

झापा(प्रस) । दशकौंदेखि परस्पर विरोधी रहँदै आएका संसद्का दुई ठूला दल कांग्रेस र एमाले सत्ताका लागि एक ठाउँमा आएका छन् । नेपाली सत्ता र संसदीय राजनीतिका प्रमुख खेलाडी कांग्रेस तथा एमालेबीच असाधारण ढंगले सत्ता सहकार्यको सहमति भएको हो ।

सामान्यतया राजनीतिमा संसद्को पहिलो र दोस्रो दल एकैपटक सरकारमा जाँदैनन् । तर, २०७० मा एमाले सुशील कोइराला नेतृत्वको सरकारमा गएपछि २०७२ सालमा संविधानसभाबाट संविधान बन्न सफल भएको थियो । २०६४ सालको संविधानसभाले संविधान नबनाएपछि कांग्रेस र एमालेले मिलेर २०७२ मा संविधान जारी गर्ने भूमिका खेलेका थिए ।

तिनै दुई दल फेरि संविधान संशोधनसहितका एजेन्डा बोकेर सत्ता सहकार्यको सहमतिमा पुगेका छन् । सहमतिअनुसार केपी ओली करिब डेढ वर्ष प्रधानमन्त्री बन्नेछन् ।

यस क्रममा संविधान संशोधन गरेर निर्वाचन प्रणालीलाई सुधार गर्ने र २०८४ को चुनावी सरकारको नेतृत्व कांग्रेस सभापति शेरबहादुर देउवाले लिने समझदारी भएको छ ।

साना दलको बार्गेनिङ धेरै भएको र नागरिकमा निराशा छाएकाले पहिले मिलेर बनाएको संविधान संशोधनको बहानामा कांग्रेस-एमाले मिल्न लागेका हुन् ।

कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महत यतिखेर कांग्रेस र एमाले मिल्नु राष्ट्रिय आवश्यकता भएको बताउँछन् ।

'कांग्रेस र एमाले एक ठाउँमा आउनुपर्ने राष्ट्रिय आवश्यकता देखियो । सत्तामा जानुपर्छ भन्ने मान्यताभन्दा माथि उठेर यो समझदारी भएको छ । दुई दलको नेतृत्वमा समग्रमा वृहत्तर राष्ट्रिय सहमतिको सरकार बनाउनतर्फ केन्द्रित हुन्छौं,' प्रवक्ता महतले भने 'दुई दल एक ठाउँमा नआएसम्म लोकतन्त्र र संविधानमाथि देखिएको अस्थिरता अन्त्य नहुने भयो । प्रधानमन्त्रीमा कांग्रेस र एमालेले आलोपालो गर्ने समझदारी भएको छ, बाँकी कुरा मिलाउँदै जान्छौं ।'

पछिल्लो सहमति निर्माणमा खटेका कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले पनि यसपटकको सहकार्यको तयारी सत्ताका लागि मात्रै नभएको बताए ।

'दुई ठूला दलले यसपटक सरकारका लागि मात्रै सहमति गरेका हैनन्, हामीले निराश नागरिकको आत्मविश्वास फर्काउन धेरै विषयमा सुधार गर्ने प्रतिबद्धता जनाएका छौं,' लेखकले भने, 'सहकार्यको प्रक्रियामा प्रवेश गरेका छौं । अब नतिजा दिनेगरी काम गर्छौं ।'

राष्ट्रिय सहमतिको सरकार गठनमा कांग्रेससँग समझदारीमा हुनुमा निश्चित राजनीतिक उद्देश्य रहेको एमाले महासचिव शंकर पोखरेल बताउँछन् ।

'राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन गर्ने र तदनुरूपका कानून समेत निर्माण गर्नेगरी केपी शर्मा ओलीको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार बनाउन नेकपा (एमाले) र नेपाली कांग्रेसको बीचमा समझदारी (भएको छ) । यस प्रक्रियामा सहमत दलहरूलाई राष्ट्रिय सरकारमा समावेश गरिने (छ)' पोखरेलले सामाजिक सञ्जालमा लेखेका छन् ।

एमाले अध्यक्ष केपी शर्मा ओलीनिकट स्रोतले पनि सत्ता राजनीतिको जोडघटाउको उद्देश्य मात्रै नभएको दाबी गर्‍यो ।

'कांग्रेससँग मिल्ने विषय सरकार बनाउने कुरामा मात्रै सीमित छैन, किनकि जहिले पनि सरकार फेरबदलको नमीठो र अस्वस्थ खेलले नागरिकमा निराशा बढ्यो । श्रीमान् श्रीमतीको घर झगडाले राष्ट्रिय राजनीति तरंगित हुने स्थिति आयो,' ओलीनिकट स्रोतले भन्यो, 'यस्ता गतिविधिले मुलुकलाई निरन्तर नोक्सानी मात्रै दियो । बैंकमा पैसा थुप्रिए पनि लगानीमा जोखिम भइरह्यो । सरकार कमजोर भएपछि कर्मचारीले घुस खाइरहने र नागरिक निराश भइरहने स्थितिबाट यसपटक पहिलो र दोस्रो दल मिल्ने स्थिति बनेको हो ।'

नागरिकमा देखिएको यस्तो निराशापछि गत वैशाखमै पनि कांग्रेस र एमाले मिल्ने समझदारीनजिक पुगेका थिए । तर, त्यतिखेर कांग्रेस सभापति देउवाले एमालेसँगै तत्कालीन फोरम नेपाल र नेकपा एकीकृत समाजवादी जोडेर छलफल गरेपछि ओली भड्किन पुगेका थिए ।

तर, यसपटक पहिलेको जस्तो गल्ती नगर्ने र अस्थिरतालाई अन्त्य गर्नेगरी विश्वासको वातावरण बनेको नेताहरू बताउँछन् ।

'यसअघि पनि प्रयास नभएको होइन, तर स्वार्थअनुकूल काम गर्ने प्रवृत्तिका कारण अगाडि बढेर पनि रोकिनुपरेको थियो । यसपटक साँच्चै अस्थिरतालाई टाल्नुपर्छ भन्ने स्वीकारोक्तिमा पुगेपछि दुई दलबीच सहकार्य थालनी हुन लागेको हो,' ओलीनिकट स्रोतले भन्यो, 'संविधान संशोधन गरेर निर्वाचन प्रणालीमा देखिएको कमजोरीलाई समेत सुधाछौं ।'

समानुपातिक सीट संख्या घटाएर संसद्लाई छरितो बनाउने दुई दलबीच सहमति छ ।

'अहिलेको स्थितिले संसद्को गरिमा देखिँदैन । जस्ता पनि सांसद छन् । जनताबाटै निर्वाचित भएर आएको ठीक हो भन्नेमा जनता पुगेका छन्,' एमाले स्रोतले भन्यो, 'प्रत्यक्ष निर्वाचन हुँदा पनि उम्मेदवार छनोटबाटै महिला, जनजाति, मधेशी, दलितसहितको समावेशी प्रतिनिधित्व गर्न सकिन्छ, राष्ट्रिय सभा अध्यक्षलाई उपराष्ट्रपति पनि बनाउने, प्रदेशमा मन्त्री र सांसद धेरै नराख्ने, प्रदेशमा समानुपातिक नराख्ने र केन्द्रको प्रतिनिधिसभाको आकार पनि घटाउने गरी छलफल भएको छ ।'

यसपटक सत्ता मात्र फेरबदलभन्दा पनि देउवा र ओली दुवैले साना दलको बार्गेनिङ र नागरिकको आक्रोशलाई केन्द्रमा राखेको नेताहरू बताउँछन् । २०७९ को चुनावपछि कांग्रेस ८९ सीटसहित पहिलो, एमाले ७८ सीटसहित दोस्रो दल हुँदा माओवादी केन्द्र ३२ सीटसहित तेस्रो दल भएको थियो । तर, कांग्रेससँग चुनावी गठबन्धन गरेर तेस्रो दल भएको माओवादी यी दुवै दलसँग सन्तुलन मिलाउँदै सत्तामा टिकिरह्यो ।

प्रचण्डले २०७९ पुस १० एमालेसँग र केही महिनामा पुनः कांग्रेससँग घाँटी जोडे । फेरि गत फागुन २१ गते सत्ताबाट कांग्रेस बाहिरिने र एमाले भित्रिने स्थिति बन्यो । प्रधानमन्त्रीमा भने प्रचण्ड नै कायम रहिरहे । दुई दललाई रिंगाएर प्रचण्डले डेढ वर्ष सत्ता चलाएपछि भने आलोपालो धोका पाएका कांग्रेस-एमाले फेरि एक ठाउँमा उभिन पुगेका छन् ।

# लागूऔषधसहित बिर्तामोडका लामा र मगर पक्राउ



झापा(प्रस) । भारतबाट लागूऔषध भित्र्याउन खोज्ने बिर्तामोडका दुई युवा मेची पुलमा पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा बिर्तामोड नगरपालिका वडा नं. ७ बस्ने ३३ वर्षीय सुरज लामा र वडा नं.५ बस्ने २२ वर्षीय बिजय मगर रहेका छन् ।

सोमवार राति १० बजेको समयमा मेचीनगर नगरपालिका वडा नं. ६ स्थित पुरानो मेचीपुल हुँदै भारतबाट नेपालतर्फ आउँदै गरेको को.२५ प. २४४५ नम्वरको स्कुटरलाई लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टा र इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको संयुक्त प्रहरी टोलीले शंका लागेर चेकजाँच गर्दा स्कुटरको फुटरेसमा प्लाष्टिकमा पोको पारी लुकाई छिपाई ल्याउँदै गरेको प्लाष्टिकबाहेक ४ ग्राम ब्राउनसुगर फेला परेको थियो ।

स्कुटरसहित स्कुटर चालक लामा र स्कुटर पछाडी सवार मगरलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखी थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।




# क्षयरोगी खोज्दै स्वास्थ्यकर्मी गाउँ-गाउँमा

• लक्ष्मी उप्रेती

मेचीनगर । मेचीनगर नगरपालिकालाई क्षयरोग मुक्त गर्न क्षयरोगी खोजी गर्दै स्वास्थ्यकर्मी गाउँ-गाउँ पुग्ने गरेका छन् । आर्थिक वर्ष २०७८/०७९ को बजेट बक्तव्यमा आगामी ५ वर्षभित्र सवै स्थानीय तहलाई क्षयरोग मुक्त घोषणा गरिने उल्लेख भएअनुसार मेचीनगर नगरपालिकामा क्षयरोग मुक्त घोषणा अभियान सञ्चालन गर्न क्षयरोगी खोजी गर्दै झापा मेचीनगरका स्वास्थ्यकर्मी गाउँ-गाउँ पुग्ने गरेका



हुन् । २०७८ साल मंसिर २२ गतेको मन्त्रिपरिषद्को निर्णयबाट झापाका कुल १५ वटा पालिकाहरुमध्ये मेचीनगर नगरपालिकालाई छनौट गरी क्षयरोग मुक्त पालिका घोषणाका लागि विविध कार्यक्रम सञ्चालन भइरहेको स्वास्थ्य शाखाले जनाएको छ ।

क्षयरोग मुक्त पालिका घोषणा अभियान कार्यक्रम नेपाल सरकारको नविनतम कार्यक्रमलाई मेचीनगर नगरपालिकाले विगत तीन वर्षदेखि प्रभावकारीरुपमा सञ्चालन गरिरहेको शाखा संयोजक सविता सापकोटा निरौलाले जानकारी दिइन् । मंगलबार क्षयरोग मुक्त पालिका घोषणा अभियान कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०८०/०८१ को वार्षिक कार्यक्रमको प्रगति प्रतिवेदन

❖ बाँकी तेस्रो पृष्ठमा

# साहित्यकार रेग्मीको स्वास्थ्यमा सुधार



झापा(प्रस) । मस्तिष्कघात भएका साहित्यकार, पत्रकार चूडामणि रेग्मीको स्वास्थ्यमा सुधार देखिएको छ । उनको स्वास्थ्यमा सुधार भएको र हिजो अपरान्ह थोरै जाउलो खाएको साहित्यकार पुण्य खरेलले जानकारी दिएका छन् । झर्रोवादका संस्थापक तथा पूर्वका मोतिरामको उपनामले परिचित रेग्मीलाई मस्तिष्कघात भएपछि प्रादेशिक अस्पताल भद्रपुरमा उपचारका लागि भर्ना गरिएको छोरा प्रदिपमणि रेग्मीले जानकारी दिएका छन् । भद्रपुर १० चन्द्रगढी निवासी रेग्मीलाई शनिवार राति सुतेकै अवस्थामा मस्तिष्कघात भएको पारिवारिक स्रोतले जानकारी दिएको छ ।

# नगरपालिकासंगको 'इगो' मेटाउने प्रयासमा वाणिज्य संघ



बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिकाको नगर प्रमुखमा पवित्रा महतारा प्रसाई निर्वाचित भएदेखि नै टकरावमा उत्रिएको बिर्तामोड उद्योग वाणिज्य संघले सम्बन्ध सुधार्ने प्रयत्न गरेको छ । ' प्रतिपक्ष' को जस्तो भूमिकामा देखिँदै आएको वाणिज्य संघले दुई दिनअघि नगर प्रमुख प्रसाईलाई कार्यक्रममा बोलाएर दुई वर्षदेखिको 'इगो' मेटाउने प्रयास गरेको हो । विगतको विवादलाई फर्किएर हेर्दा प्रसाई २०७९ जेठ ८ गते नगर प्रमुखमा निर्वाचित भएलगत्तै वाणिज्य संघले आन्दोलन शुरु गरेको देखियो । शुरुमा करबृद्धिको विरोध गरेको वाणिज्य संघले बुधबारे हटियाका व्यवसायीहरुलाई विजुलीको मिटर दिनुपर्ने माग गर्दै आन्दोलन नै संचालन गर्‍यो । बुधबारे हटियाका व्यवसायीहरुलाई बिजुलीको मिटर दिनुपर्ने मागसहित २०७९ असार ४ गतेदेखि नगरपालिकामा लगातार आन्दोलन गर्नेक्रममा असार ८ गते प्रहरीले ११ जनालाई पक्राउ गर्‍यो । पक्राउ पर्नेहरुमा बिर्तामोड उद्योग बाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटी , वरिष्ठ उपाध्यक्ष राजु न्यौपाने , सन्तोष उप्रेती , राधिका चुडाल , कल्पना पुरी , संगीता न्यौपाने , तुलसा तामाङ, निरु अधिकारी , एकता कडरिया विष्ट, नरबहादुर विकलगायत थिए । चर्को आन्दोलनपछि बल्लतल्ल व्यवसायीहरुलाई बिजुली बाल्न दिने कुरामा नगरपालिका सहमत भयो । त्यसको केही महिनापछि नगरपालिकाले बुधवारे हटियाका व्यवसायीहरुलाई हटाउने प्रक्रिया शुरु गर्‍यो । जसको बाधकको रुपमा वाणिज्य संघका तत्कालीन अध्यक्ष प्रकाश शिवाकोटी , वरिष्ठ उपाध्यक्ष राजु न्यौपाने (वर्तमान अध्यक्ष)लगायत देखिए । शुरुदेखि नगरपालिकाको त्यस कदमको विरोध गर्दै आएका उनीहरु २०८० जेठ ८ गते नगरपालिकाले बुधवारे हटियामा डोजर चलाउँदा मैदानमै उत्रिए । प्रहरी प्रशासनसहित नगरपालिकाको ठूलो 'फोर्स'को अगाडि वाणिज्य संघ र केही व्यापारीहरुको

❖ बाँकी अन्तिम पृष्ठमा



## रोटरी र रोट्रयाक्ट क्लब अफ बिर्तामोड मिडटाउनको पद हस्तान्तरण




बिर्तामोड(प्रस) । रोटरी क्लब अफ बिर्तामोड मिडटाउनको ११ औं र रोट्रयाक्ट क्लब अफ बिर्तामोड मिडटाउनको १० औं पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ । सोमवार साँझ बिर्तामोडमा आयोजित एक कार्यक्रमका बीच रोटरी क्लब अफ बिर्तामोड मिडटाउनका वर्ष २०२३-२४ का अध्यक्ष सिद्धार्थ नवीन उप्रेती र सचिव होम कार्कीले वर्ष २०२४-२५ का अध्यक्ष राजेन्द्रकुमार अग्रवाल र सचिव रोशन बुढाथोकीलाई पद हस्तान्तरण गरेका थिए । त्यस्तै रोट्रयाक्ट क्लब अफ बिर्तामोड मिडटाउनका वर्ष २०२३-२४ का अध्यक्ष जितेश अग्रवाल र सचिव भिष्म घिमिरेले वर्ष २०२४-२५ का अध्यक्ष संजय अग्रवाल र सचिव पियुष खेतानलाई पद हस्तान्तरण गरेका थिए । २०२३-२४ का अध्यक्ष उप्रेतीले आफ्नो कार्यकालमा भएका कामहरुको जानकारी गराएका थिए ।

२०२४-२५ का अध्यक्ष राजेन्द्रकुमार अग्रवालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको प्रमुख अतिथि सहारा नेपाल साकोसका प्रमुख कार्यकारी अधिकृत महेन्द्र गिरी रहेका थिए । कार्यक्रमको संचालन रोटरी क्लब अफ बिर्तामोड मिडटाउनका सचिव रोशन बुढाथोकी र रोट्रयाक्ट क्लब अफ बिर्तामोड मिडटाउनका सचिव पियुष खेतानले गरेका थिए । कार्यक्रममा प्रमुख अतिथि गिरी ,संस्थापक अध्यक्ष सन्तोष अग्रवाल, २०२३-२४ का अध्यक्ष सिद्धार्थ नवीन उप्रेतीलगायतले प्रमाणपत्र र मायाको चिनो वितरण गरेका थिए ।

## ‘रोङ गट ट्र्यालेन्ट’मा छानिए १५ फाइनलिस्ट

रोङ(प्रस) । इलामको रोङ गाउँपालिकाले दूरदराजमा रहेका प्रतिभाको खोजी गर्न आयोजना गरेको प्रतिभा खोज कार्यक्रम ‘रोङ गट ट्र्यालेन्ट’मा १५ जना फाइनलमा प्रवेश गरेका छन् । गायन, नृत्य र कविता विधामा पाँच-पाँच गरी १५ जनाले फाइनलको यात्रा तय गरेका हुन् । तीनवटै विधामा ३२१ प्रतियोगीलाई पछि पार्दै उनीहरू फाइनलमा प्रवेश गरेका हुन् ।

फाइनलमा प्रवेश गर्नेहरूमा कविता विधामा सामुएल गजमेर , अनिस राई , तिलकराज कोइराला , तेजकुमार चौलागाईं र सुस्मा राई रहेको रोङ प्रतिभा खोज निर्देशक समितिले जनाएको छ । यस्तै, गायन विधातर्फ सौगात सुब्बा , हर्कमान सुन्दास , एलिना राई, अर्जुन खड्का र देवधन राई फाइनलका लागि छानिएका छन् ।

नृत्य विधामा निरुता राई , प्रज्ञा भुजेल , आरध्य अर्याल, सोनु लावती र सरस्वती मुखिया फाइनलमा प्रवेश गरेको समितिले जनाएको छ ।

‘रोङ गट ट्र्यालेन्ट’ को फाइनल प्रतिस्पर्धा आगामी शनिबार हुने रोङ गाउँपालिकाका अध्यक्ष मनिकुमार स्याङ्बोले जानकारी दिए । फाइनल रोङ-३ स्थित पाम्कोल सहकारी भवनमा आयोजना गरिने उनले बताए । प्रत्येक विधाका विजेताले नगद पुरस्कारसहित विभिन्न आकर्षक उपहारहरू प्राप्त गर्ने उनले बताए । ‘यस वर्षको प्रतिस्पर्धामा रोङ गाउँपालिकाका विभिन्न प्रतिभावान कलाकारहरूले भाग लिएका छन्। फाइनलमा ५ जना उत्कृष्ट प्रतिभाको तीनवटा विधाका प्रतियोगीहरूबीच कडा प्रतिस्पर्धा हुने अपेक्षा गरिएको छ,’ अध्यक्ष स्याङ्बोले भने ।

आयोजक समितिले फाइनल प्रतिस्पर्धामा उपस्थित भएर कलाकारको हौसला बढाउन सबैलाई आह्वान गरेको छ। कार्यक्रमको प्रत्यक्ष प्रसारण पनि विभिन्न टेलिभिजन च्यानल र अनलाइन प्लेटफर्महरूबाट गरिने आयोजकले जनाएको छ । रोङ प्रतिभा खोजीले गाउँमा लुकेर रहेका धेरै प्रतिभाको पहिचान गरी उजागर गर्न सफल भएको गाउँपालिका अध्यक्ष स्याङ्बोले बताए । ‘सम्पूर्ण प्रतियोगी कलाकारलाई उच्च मनोबलका साथ निरन्तर मिहिनेत गर्न आग्रह गर्दछु । साथमा स्थानीय सरकार हुनेछ,’ उनले भने ।

## लायन्स बिर्तामोड लेडीकी अध्यक्ष ओली सम्मानित

झापा(प्रस) । विभिन्न ७० वटा सामाजिक कार्य गरी आफ्नो एकवर्षे कार्यकाल सफल रुपमा पूरा गरेकी लायन्स क्लब अफ बिर्तामोड लेडीकी अध्यक्ष निरू उप्रेती ओली सम्मानित भएकी छन् । लायन वर्ष २०२३/०२४ मा बिभिन्न बिधामा उत्कृष्ट सेवा गरेवापत उनलाई बेस्ट प्रेसिडेन्ट अफ द इयर र सर्भिस एक्सेलेन्स प्रेसिडेन्ट अफ द इयरको रुपमा सम्मान गरिएको हो । लायन्स इन्टरनेशनल डिस्ट्रिक ३२५ सीको चौथो क्याविनेट बैठक एवं अवार्ड सेरोमोनी कार्यक्रममा लायन वर्ष२०२३/०२४ मा बिभिन्न बिधामा उत्कृष्ट सेवा गरेवापत डिस्ट्रिक्ट गभर्नर विजयहरि शर्माले सम्मान प्रदान गरेका थिए । अध्यक्ष ओलीले अध्यक्षको एकवर्षे कार्यकालसम्म साथ र सहयोग गरी सफल बनाइदिनु हुने आफ्ना श्रीमान् लायन्स क्लबका डिस्ट्रिक चिफ निरजकुमार ओली , लायन्स क्लब अफ बिर्तामोड लेडीका सम्पूर्ण सदस्य, आफ्नो घरपरिवारका सम्पूर्ण सदस्य, आफन्त ,बिभिन्न संघ संस्थामा रहनुहुने शुभचिन्तक र पत्रकारहरूलाई धन्यवाद दिएकी छन् । उनले ७० औं अर्थात अन्तिम कार्यक्रमको रुपमा अर्जुनधारा ४ स्थित शिवनारायण प्राथमिक विद्यालयमा शुद्ध खानेपानीको व्यवस्था गरिदिएकी थिइन् । “शुद्ध पानी तिमीहरूको लागि नानी” भन्ने नाराका साथ रू २ लाख बराबरको ३०० लिटर प्रतिघण्टा फिल्टर क्षमताको अत्याधुनिक प्रविधियुक्त पानी प्रशोधन वाटर प्लान्ट धारा जडान गरिएको उनले बताइन् । जसको लागि टेरी मिकेस्का फाउन्डेसनले सहयोग गरेको थियो । सो विद्यालयका प्रधानाध्यापकले विद्यार्थीहरुहरूलाई पिउने पानीको असाध्यै समस्या रहेको अवगत गराएपछि आफूहरुले सहयोग गरेको उनले बताइन् । सोही अवसरमा अर्जुनधारा नगरपालिकाको सहयोगमा २ लाख रुपैयाँको लागतमा निर्मित प्रवेशद्वार पनि हस्तान्तरण गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि लायन्स क्लब डिस्ट्रिक ३२५ सीका सेकेन्ड भाइस डिस्ट्रिक गभर्नर बबरजङ्ग थापाले ती योजना हस्तान्तरण गरेका थिए ।


## बिमालेख हरायो

मेचीनगर निवासी कालचन मेचेको नाममा रहेको एल आई सीको ६००००२०१४ नम्बरको पोलिसी पेपर ज्यामिरगढीबाट धुलाबारी जाने क्रममा २०८१/०२/०३ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गर्नुहोला ।

**सम्पर्क : कालचन मेचे**
**ठेगाना: मेचीनगर-१५, ज्यामिरगढी झापा**
**मो: ९८४४६६४०७७**





**इलाममा...**

प्रसार अधिकृत जीवन ठाडामगरले बताए । पहाडी क्षेत्रमा रोपाइँ गर्न गोरुकै भर पर्नुपर्ने कारणले रोपाइँ सोचेजति चाँडो गर्न नसकिएको किसानहरु बताउँछन् । समथर जमिन भएका तल्लो भेगमा प्रविधिको प्रयोग हुन थालेपनि उच्च स्थानहरुमा ट्र्याक्टरलगायतका सामग्री प्रयोग गर्न नसक्दा किसानलाई समस्या भएको माइजोगमाईका किसान मोहन सुवेदी बताउँछन् ।

**नगरपालिकासंगको...**

अन्ततः कुनै जोर चलेन । नगरपालिकाले बुधवारे हटिया खाली गराएरै छाड्यो । बिर्तामोड नगरपालिका र वाणिज्य संघबीच भएका यी केही अप्रिय घटनाका उदाहरण हुन् । त्यसबाहेक पनि कयौ पटक वाणिज्य संघका पदाधिकारी र नगर प्रमुख प्रसाईबीच तीतो घटनाहरु भएका थिए । आफू वरिष्ठ उपाध्यक्ष रहेको अघिल्लो कार्यकालमा भएका विवादलाई साम्य पार्न वर्तमान अध्यक्ष न्यौपाने लागेको देखिएको छ । यद्यपि उनकै कारणले विगतमा विवाद चर्किएको बताइन्छ ।

विवादले वाणिज्य संघ र नगरपालिका दुवैलाई हानि गर्ने भएकाले स्थानीय सरकारको रुपमा रहेको नगरपालिकासंग व्यवसायीहरुले मिलेर जानुको विकल्प नभएको उनले बताए । स्थानीय सरकारले संरक्षण गरी आफूहरुको हितमा कार्यक्रम ल्याउनु पर्ने व्यवसायीहरुको भनाई रहेको छ ।


## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

**बिर्तामोड नगरपालिका**
बिर्तामोड, झापा, कोशी प्रदेश



असल संस्कार र समृद्धिका लागि एनएमसी

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
NMC-COOP
कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा

## मोटरसाइकल लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१।३।१८

यस संस्थाको बचत तथा ऋण व्यवसायको प्रधान कार्यालयवाट सवारी कर्जा शीर्षकमा कल्पना अधिकारीलाई कर्जा लगानी भएकोमा निजले संस्थालाई बुझाउनु पर्ने नियमित किस्ता नबुझाएकोले तपसिलमा उल्लेखित सवारी (मोटरसाइकल) लिलामी बिक्रीका लागि १५ दिने सूचना प्रकाशित गरिएको छ । उल्लिखित मोटरसाइकल लिलाम बिक्रीको लागि यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ दिन पुगेको भोलिपल्ट र सो दिन सार्वजनिक बिदा परे त्यसको भोलिपल्ट संस्थाको बचत तथा ऋण व्यवसायको प्रधान कार्यालय मेचीनगर-१३, चारआलीमा डाक बढाबढ प्रक्रियाबाट हुने समेत सबैमा सूचित गरिन्छ ।

**सवारी साधनको (मोटरसाइकल) विवरण :**

| कम्पनीको नाम | बनेको साल | सवारी दर्ता नं. | चेसिस नं. | इन्जिन नं. | रंग | मोडल | न्युनतम मुल्याङ्कन रकम |
|---|---|---|---|---|---|---|---|
| Honda | 2021 | प्र.१-०१-०१५प-२०२५ | ME4JF49H HMW040383 | JF49EW 2109964 | Orange | Grazia | 1,45,000/- |

**अन्य थप जानकारीका लागि सम्पर्क :** 9852689450/9852689561

**प्रधान कार्यालय**
**बचत तथा ऋण व्यवसाय**






## लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको हकअधिकार सुनिश्चित गरौं

संविधानले लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सामाजिक न्यायको हक प्रदान गरेको छ ।

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको,

- मानवाधिकार र मौलिक हकको रक्षा गरौं,
- सामाजिक मर्यादा र सुरक्षा सुनिश्चित गरौं,
- विकास निर्माण र सेवा प्रवाहमा सहभागिता सुनिश्चित गरौं,
- उनीहरुप्रति सकारात्मक दृष्टिकोणको विकास गरौं,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री वातावरण निर्माण गरौं,
- वैयक्तिक स्वतन्त्रता, आत्मसम्मान र न्यायको पक्षमा वकालत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# कांग्रेस एमालेलाई कति सहज

मुलुकको आवश्यकतालाई सूक्ष्म रुपमा मनन गर्दै प्रमुख दुई दल एक ठाउँमा उभिएपछि सत्ताबाट बाहिर प्रायः बस्न नचाहने माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई प्रमुख प्रतिपक्षी दलको हैसियतमा पुऱ्याउन सफल भएका छन् ।

यसले नेपालको राजनीतिक कोर्स नयाँ दिशामा अघि बढ्ने संकेत मिलेको छ। चर्चा परिचर्चा र एउटा ठूलो जनमानसको इच्छा पूरा गर्दै दुई प्रमुख दल एक ठाउँमा उभिएपछि अब भने देशले नयाँ गति लिन्छ कि भन्ने आशा सञ्चार भएको छ। तर के जुन धरातलमा यो सहमति भएको छ, सम्भव छ त ?

सोमबार मध्यराति दुई दलबीच भएको सहमतिले संविधान संशोधन र राष्ट्रिय सहमतिको सरकार गठनलाई मुख्य आधार बनाएको छ। पहिलो दुई वर्ष सरकारको नेतृत्व एमाले अध्यक्ष केपी शर्मा ओलीले गर्ने र सो पछिको नेतृत्व कांग्रेस सभापति शेरबहादुर देउवाले गर्दै निर्वाचन गराउने सहमति दुई दलबीच छ।

राष्ट्रिय सहमतिको सरकार बनाउन माओवादी केन्द्रको मंगलबार नै बसेको बैठक र त्यसको निर्णय, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को निर्णय र फरक एजेन्डा बोकेका राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी, जनमत, नागरिक उन्मुक्ति, लोकतान्त्रिक समाजवादी पार्टीसहितका दल बाधक बन्न सक्छन्।

प्रधानमन्त्री पुष्पकमल दाहालले तत्काल राजीनामा नदिने र विश्वासको मतको सामना गर्ने माओवादी केन्द्रको निष्कर्ष तथा यो सरकार पनि तत्काल नछाड्ने र नयाँ सरकारमा पनि सहभागी नहुने रास्वपाको निर्णयले कांग्रेस एमाले गठबन्धनलाई राष्ट्रिय सहमतिको सरकार बनाउन समस्या नदेला भन्न सकिन्न।

अर्को पाटो, संविधान संशोधनको। दुई प्रमुख दलहरुबीच संविधान संशोधन गर्ने सहमति प्रमुख छ। संविधान जारी भएको करिब १० वर्षमा निर्वाचन प्रणाली, संघीय स्वरुपलगायत प्रमुख विषयमा नै संशोधनको कुरा अघि सार्दै दुई दलले गठबन्धनको जग बसाएका छन्। पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठको संयोजकत्वमा संविधान संशोधन सुझाव समिति बनाउने सहमति दलहरुबीच छ।

सोमबार मध्यराति कांग्रेससँग सहमति गरेर मंगलबार बिहानै बालुवाटार पुगेका एमाले अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्री दाहालले प्रश्न गरेका थिए, संविधान चलाउन खोज्नु भएको हो ? पदबाट राजीनामा दिँदै नयाँ सरकार गठनका लागि बाटो खोलिदिन आग्रह गर्न पुगेका ओलीलाई दाहालको उक्त प्रश्नले झस्काएको छ। संविधान संशोधन नै गर्ने भए हाम्रो सहमति बिना असम्भव रहेको र आन्दोलन गर्ने चेतावनीले प्रमुख दुई दललाई सुरुवातमै ढुंगा नलाग्दा भन्न सकिन्न।

प्रमुख दुई दलबीच प्रतिनिधिसभा र प्रदेश सभाबाट समानुपातिक निर्वाचन प्रणाली हटाउँदै प्रत्यक्ष निर्वाचित प्रणालीमात्र राख्ने सहमति बनेको छ। यसका लागि संविधान संशोधन आवश्यक छ।

प्रतिनिधि सभामा रहेको समानुपातिक प्रतिनिधित्वका आधारमा चुनिएर आउने सांसदलाई राष्ट्रिय सभामा लैजाने र राष्ट्रिय सभाको अध्यक्षता उपराष्ट्रपतिले गर्ने सहमति छ। प्रतिनिधिसभा र राष्ट्रिय सभाको सिट संख्या बारेसमेत पुनर्विचार हुनेछ। यस्तै, कांग्रेस र एमालेले मुलुकभर रहेका ७५३ वटा स्थानीय तहको संख्या घटाएर वडाहरुको संख्या बढाउने समझदारी पनि बनेको छ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# घर बहालसम्बन्धी कानुन संशोधन



• आयाम शाह

कसैले आफ्नो स्वामित्वमा रहेको घर, तला वा कोठा निश्चित समयका लागि भाडामा दिने वा लिने कामलाई घर बहाल भनिन्छ । समाजमा सहरीकरणको विकाससँगसँगै घर बहालमा बस्ने परम्पराको विकास भएको हो । कामको सिलसिलामा सहरमा आउने र त्यहाँ केही समय बस्नका लागि भाडा तिरेर बस्ने प्रचलनको विकाससँगै घर बहालको अवधारणा आएको हो । विश्वका विभिन्न मुलुकमा आफ्नै प्रकारका घर बहालसम्बन्धी कानुन निर्माण गरेको पाइन्छ । संयुक्त राज्य अमेरिकामा घर बहालसम्बन्धी कानुन राज्य र स्थानीयस्तरमा फरक फरक हुन्छन् । स्थानीय आवास प्राधिकरणहरूले भाडा नियमन र सम्झौतासम्बन्धी नियम बनाउँछन् । केही सहरमा भने भाडा नियन्त्रण कानुन लागु गरिएको छ । यसले अधिकतम भाडा निर्धारण गर्छ । घरधनी र भाडामा बस्ने व्यक्तिबिच लिखित सम्झौता अनिवार्य छ । भाडा वृद्धिसम्बन्धी नियम सामान्यतः राज्य कानुनद्वारा निर्धारण गरिन्छ । घरधनीले भाडामा बस्ने व्यक्तिलाई निकाल्न चाहेमा सूचना जारी गरी निश्चित कानुनी प्रक्रिया पालना गर्नु पर्छ ।

बेलायतमा घर बहालसम्बन्धी कानुन विशेष गरी 'हाउजिङ एक्ट १९८८' अन्तर्गत पर्छ । भाडामा बस्ने व्यक्तिले दिएको जम्मा रकम निश्चित सरकारी योजनामा सञ्चित गर्नु पर्छ । सम्झौतामा उल्लेख नभए पनि भाडा वृद्धिसम्बन्धी नियम कानुनी रूपमा निर्धारित गरिएका हुन्छन् । घरधनीले निश्चित कानुनी प्रक्रिया पालना गरेर मात्र भाडामा बस्ने व्यक्तिलाई निकाल्न सक्छन् । निकाल्नुपूर्व दुई महिनाको सूचना दिनुपर्ने अनिवार्य छ । जर्मनीमा घर बहालसम्बन्धी कानुन निकै कडा र भाडामा बस्ने व्यक्तिको पक्षमा हुन्छ । भाडामा बस्ने व्यक्तिहरूलाई लामो समय सुरक्षा प्रदान गरिन्छ । भाडा ब्रेक कानुन अन्तर्गत केही सहरमा भाडा वृद्धिमा नियन्त्रण गर्ने प्रचलन छ । लिखित टेनेन्सी सम्झौता अनिवार्य हुन्छ । भाडा वृद्धिको सीमा सामान्यतः उपभोक्ता मूल्य सूचकाङ्कका आधारमा निर्धारण गरिन्छ । भाडामा बस्ने व्यक्तिलाई निकाल्न धेरै कडा कानुनी प्रक्रिया पालना गर्नुपर्छ । भारतमा राज्य अनुसार घर बहालसम्बन्धी कानुन फरक फरक छन् । विभिन्न राज्यले आफ्नै रेन्ट कन्ट्रोल एक्ट लागु गरेका छन्, जसले भाडा दर निर्धारण गर्छ । भाडा सम्झौता लिखित रूपमै गर्नु पर्छ र दुवै पक्षले हस्ताक्षर गर्नु पर्छ । भाडा वृद्धिसम्बन्धी नियम राज्य कानुनद्वारा निर्धारण गरिन्छ । घरधनीले कानुनी प्रक्रिया पालना गरेर मात्र भाडामा बस्ने व्यक्तिलाई निकाल्न सक्ने प्रावधान छ । जापानमा घर बहालसम्बन्धी कानुन स्थानीय र राष्ट्रियस्तरमा लागु हुन्छ । घरधनी र भाडामा बस्ने व्यक्तिबिच लिखित सम्झौता अनिवार्य छ ।

नेपालमा 'मुलुकी देवानीसंहिता २०७४' को परिच्छेद ९ मा घर बहालसम्बन्धी व्यवस्था गरेको छ । यसमा स्वास्थ्य तथा सुरक्षाको दृष्टिले अनुपयुक्त घरलाई भाडामा दिन वा लिन निषेध गरिएको छ । भाडामा लिने र दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्छ, जसमा आवश्यक जानकारी र सर्तहरू उल्लेख गरिन्छ । मासिक २० हजार रुपियाँसम्मको घर बहालमा लिनदिन बहाल लिने व्यक्तिसँग लिखित सम्झौता अनिवार्य छैन । घरको मर्मतसम्भार, कर भुक्तानी र अन्य सर्त पनि सम्झौतामा समावेश गर्नु पर्छ । भाडामा लिएको घरको उपयोग नियमपूर्वक गर्नु पर्छ र सम्झौतामा उल्लिखित विषय पालना गर्नुपर्ने हुन्छ ।

भाडामा लिएको घरको निरीक्षण, मर्मतसम्भार र बिमासम्बन्धी प्रावधान पनि यसमा समेटिएका छन् । घरधनी र बहालमा बस्ने मानिसबिच विवाद आएमा कानुनी प्रक्रिया पालना गर्नुपर्ने हुन्छ । घर बहाल सामान्यतया एक पटक पाँच वर्षका लागि लिनुपर्ने र त्यसपछि नवीकरण गर्नुपर्ने प्रावधान छ व्यापारिक प्रयोजनका लागि भने सम्झौतामा भए अनुसार समयावधि राख्न सकिने प्रावधान छ । घरको संरचना सप्रमाण जानकारी बहालमा बस्नेलाई गराउनुपर्ने हुन्छ । उक्त संहिताको धारा ३९२ (१) मा सम्झौतामा उल्लेख भएको बहालमा दिएको घरको कानुनबमोजिम लाग्ने करलगायत अन्य दस्तुर बुझाउनुपर्ने दायित्व घरधनीको हुने छ भनी उल्लेख गरिएको छ । (२) उपदफा (१) को खण्ड (ख) बमोजिमको अवस्थामा बहालमा लिने व्यक्तिले घर छाड्नु परेमा सम्झौतामा अन्यथा उल्लेख भएकामा बाहेक कम्तीमा ३५ दिनअगावै घरधनीलाई लिखित रूपमा सूचना दिनुपर्ने उल्लेख छ ।


उक्त संहिताको धारा ४०४ (१) मा यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि घर लिने कुनै व्यक्ति बिनासूचना तीन महिना वा सोभन्दा बढी अवधिसम्म बहाल रकम नबुझाई बेपत्ता भएमा र निजलाई सार्वजनिक रूपमा सूचना गर्दा वा निजको ठेगानामा पत्राचार गर्दा पनि फेला नपरेमा वा फेला परे पनि निज वा निजका कुनै हकवाला वा प्रतिनिधि उपस्थित नभएमा घरधनीले स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा त्यस्तो बेहोराको निवेदन दिने र वडा कार्यालयले १५ दिनको सूचना दिई बहालवालालाई उपस्थित हुन सार्वजनिक सूचना गर्ने छ । व्यक्ति उपस्थित नभएमा सम्बन्धित वडा कार्यालयले बहालमा रहेको घर खोली मालसामान आफ्नो वा कुनै मानिसको जिम्मा रहने गरी घर खाली गराउन सक्ने प्रावधान छ ।

घर बहालसम्बन्धी कानुनको व्यवस्था गरे पनि काठमाडौँलगायत देशका विभिन्न भागका अधिकांशले यस कानुनको पालना गरेको पाइँदैन । कुनै संघ संस्था र सरकारी कार्यालयबाहेक अन्यले यस प्रकारको कानुनको पालना गरी सम्झौता बनाई घर बहालमा लिने दिने गरेको देखिँदैन । कतिपय घर बहालमा बस्नेले घरधनीबाट प्रताडित भएका समाचार पढ्न पाइन्छ भने कतिपय घरधनी घर बहालमा बस्नेबाट पीडित भएका समाचार पनि त्यत्तिकै पढ्न पाइन्छ । कर छल्नका लागि घर बहाल सम्झौता नै नगर्ने प्रचलन छ । कानुनको कार्यान्वयन गर्नुपर्ने र समय अनुसार संशोधन गर्नु पर्छ ।

# राजदूत, कूटनीति र कौशल



• भुवन न्यौपाने




सरकारले १२ मुलुकमा रहेका राजदूत फिर्ता बोलाएर नयाँ राजदूत सिफारिस गरेको छ । राजदूत नियुक्तिका सन्दर्भमा विभिन्न कोणबाट तर्क, वितर्क चलिरहँदा राजनीतिदेखि कूटनीतिक वृत्तमा पनि बहस चलिरहेको छ । नेपालको राजनीतिसँगै कूटनीतिक क्षेत्र पनि किन यति धेरै तरङ्गित र अपरिपक्व हुँदै छ ? के नेपालले आफूले तय गरेको विदेश नीतिका आधारमा कूटनीतिक अभ्यास अवलम्बन गर्न चुकेको हो ?

नेपाल पछिल्ला दशक भूराजनीतिक प्रभावको केन्द्रविन्दुमा रहेको विदित नै छ । विश्व परिवेशमा नै छिमेकी मुलुक चीन र भारतको आर्थिक उन्नति, सामरिक र सैन्य सुरक्षा, सूचना र प्रविधिको विकास, राजनीतिक रूपमा बढ्दो प्रभावसँगै यी मुलुकबिचको सम्बन्धले पनि नेपालमा प्रत्यक्ष प्रभाव पारेका सङ्केत स्पष्ट छन् । राजनीतिसँगै कूटनीतिक क्षेत्रमा समेत शक्तिशाली यी दुई छिमेकी मुलुकको सामरिक भूराजनीतिक प्रतिस्पर्धा कायमै छ । नेपालले दुवै छिमेकी मुलुकसँग सन्तुलित र पारस्परिक सम्बन्ध कायम गर्न निकै मेहनत गर्नुपर्ने छ । दुवै छिमेकी मुलुकसँग सुमधुर कूटनीतिक सम्बन्ध कायम रहेको उच्च तहबाट बेला बेलामा औपचारिक रूपमा जनाइन्छ तर नेपालको राष्ट्रिय हितका सन्दर्भमा यथेष्ट कूटनीतिक गृहकार्य अझै बढाउनु पर्ने छ ।

छिमेकी मुलुक भारत, अमेरिका र बेलायतका राजदूत फिर्ता बोलाउँदा यसले कूटनीतिक क्षेत्रमा राम्रो सन्देश प्रवाह गरेको छैन । संसद्मा प्रतिपक्षदेखि सत्तापक्षका सांसदले पछिल्लो उच्चस्तरीय भ्रमणबारे प्रश्न उठाए, चासो राखे । कूटनीतिक मामलाका सन्दर्भमा यस्तो चासो र सन्दर्भले निकै महत्व राख्छ । संसद्मै जवाफ दिँदै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले राजदूत सिफारिसमा कमजोरी भए सच्याइने बताउनुभयो । राजदूत नियुक्तिको सन्दर्भमा कुनै पार्टी विशेषको नभई पार्टीले प्रस्तुत गर्दा देशको प्रतिष्ठा र कुशल योगदान गर्न सक्ने मेरिटका आधारमा योग्य मान्छे छनोट गर्ने प्रतिबद्धता पनि उहाँले जनाउनुभयो ।

भारतीय प्रधानमन्त्रीको शपथ कार्यक्रममा सहभागी भएर फर्केपछि प्रधानमन्त्री प्रचण्डले प्रतिनिधि सभाको बैठकमा भ्रमणबारे जानकारी गराउँदै आर्थिक, राजनीतिक तथा सामरिक भूराजनीतिक सन्दर्भमा छलफल भएको पनि जानकारी दिनुभयो । जहाँसम्म प्रधानमन्त्रीको भ्रमणमा सहभागी भएका सदस्य र भ्रमणको तयारीका सन्दर्भमा हेर्ने हो भने त्यो निकै छोटो समयमा तय भएको देखिन्छ । पछिल्लो समयमा देखिएका समस्याको समाधानमा नेपाल र भारतका सरकार प्रमुखको सघन छलफल हुनु सकारात्मक पक्ष हो । यस्ता भ्रमण राष्ट्रिय हितमा हुनु पर्छ भन्ने विषय उठ्नु स्वाभाविक हो ।

काठमाडौँमा मङ्गलबार सम्पन्न परराष्ट्र सचिवस्तरीय नेपाल-चीन कूटनीतिक परामर्श संयन्त्रको १६ औँ बैठकमा परराष्ट्रमन्त्री तहकै नयाँ संयन्त्र आवश्यकता महसुस भयो । बैठकमा द्विपक्षीय सम्बन्धको समग्र पक्षको समीक्षा गर्नुका साथै विगतका सम्झौता र समझदारीपत्रको कार्यान्वयनमा भएको प्रगति र विगतका निर्णयको मूल्याङ्कन गरिएको परराष्ट्र मन्त्रालयले जनाएको छ । आपसी सहमति भएका क्षेत्रमा थप सहयोग प्रवर्धन गर्नुका साथै पारस्परिक लाभका लागि आर्थिक अवसरको प्राप्तिमा काम गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । यस सन्दर्भमा बहुप्रतीक्षित बिआरआई परियोजनामा भने केही निर्णय हुन सकेन । यसका लागि राष्ट्रिय सहमति आवश्यक छ । यीबाहेक चीनसँग अन्य रणनीतिक साझेदारीका सन्दर्भमा चर्चा चलिरहेका छन् ।

नेपालले १२ मे २०१७ मा बिआरआईमा हस्ताक्षर गरेको थियो । अहिलेसम्म कुनै पनि परियोजना लागु भएका छैनन् । दुई देशबिचको साझेदारीका रणनीतिलाई कूटनीतिक कुशलतामार्फत समाधानतर्फ उन्मुख हुनु पर्छ । दुई देशबिचको हित, सहयोग र सम्बन्धका विविध पक्ष, विकास साझेदारमा योगदान, जनस्तरको सम्बन्ध र सांस्कृतिक आदानप्रदानलाई समृद्ध बनाउन नवीन कूटनीतिक पहलको खाँचो छ । चीनसँग नेपालको सम्बन्ध सुधार रहेको देखिए पनि नेपालले अझै चिनियाँ प्रविधिको लाभ लिन सकिरहेको छैन ।

कूटनीतिक परामर्श संयन्त्रको बैठकमा दुवै पक्षले विद्यमान द्विपक्षीय संयन्त्रलाई थप सक्रिय बनाउन र परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोगलगायत नयाँ संयन्त्र स्थापनामा जोड दिनु सकारात्मक पक्ष हो तर यस्ता सहमतिबाट नेपालले राष्ट्रिय हित, अधिकार र अवसर लिन सकिरहेको छैन । नेपालले आफ्नो भूपरिवेष्टित अवस्थितिको अधिकार प्राप्तिका लागि इतिहासकालदेखि नै छिमेकीद्वय चीन र भारतसँग स्वतन्त्र कूटनीतिक सम्बन्ध स्थापित गर्दै आएको छ । यो सम्बन्ध नेपालको सन्तुलित कूटनीति र शान्तिपूर्ण सहअस्तित्वको सिद्धान्तमा आधारित छ ।

राष्ट्रपतिको भ्रमणमा जलवायु परिवर्तनको असरबाट नेपालले सामना गर्नु परेका समस्याबारे उजागर भए । क्राइसिस डिप्लोमेसीका अनुसार सङ्कटग्रस्त मुलुक प्राथमिकतामा पर्नु पर्छ तर नेपालको कूटनीतिक सहजीकरण नतिजा उन्मुख हुन सकिरहेको छैन । जलवायु परिवर्तनको असर र अधिकार तथा अवसरका सन्दर्भमा उठाइएका विषयलाई अझै दबाबपूर्ण रूपमा लैजानुपर्ने देखिन्छ । त्यसका लागि कूटनीतिक संयन्त्रको गहिरो चासो र निरन्तर प्रयत्न अत्यावश्यक हुन्छ । प्रधानमन्त्रीले कोप-२१ सम्मेलनमा नेपाल जलवायु परिवर्तनका कारणमा विश्व समुदायबाट अन्याय भएको विषय उठान गर्नुभयो । त्यस्तो अन्यायबारे नेपालले लडेर कसरी आफ्नो अधिकार उपयोग गर्ने भन्नेबारेमा चिन्तन हुनु आवश्यक छ । यसका लागि सरकारले छिमेकी मुलुकसँग पनि सहयोगको पहल गर्न जरुरी छ ।

इजरायल र हमास, युक्रेन र रसिया युद्धले विश्व नै हायलकायल छ । युक्रेन र रसिया युद्धमा नेपालीले पनि ज्यान गुमाएका छन् । पछिल्लो समय सरकारी तहबाटै यथेष्ट अध्ययनबिना इजरायल कामदार पठाउने तयारी भइरहेको छ । निरन्तर चलिरहेको युद्ध शान्तिमा परिणत नहुँदै इजरायलमा रोजगारीका लागि कामदार पठाउनु हुँदैन । इजरायल र हमास लडाकुबिच युद्ध कायमै रहँदा इजरायलमा रहेका कामदार सुरक्षित छन् भन्ने इजरायलको जिकिर रहे पनि तत्कालै नयाँ कामदार त्यहाँ पठाउँदा केही जोखिम पनि आउन सक्छ । कूटनीतिक परामर्शमार्फत त्यहाँको वस्तुस्थितिको यथार्थ विवेचना गरी यो काम अगाडि बढाउनु पर्छ ।

युक्रेन-रसिया युद्धमा सामेल नेपाली युवा फिर्ता ल्याउने विषयमा सरकारले काम सुरु गर्नु पर्छ । नेपाली राजदूतावासबाट रुसको विदेश मन्त्रालय र अन्य सम्बन्धित निकायसँग समन्वय गरी रुस सरकारसँग कुरा हुँदा कतिपय नेपाली अप्ठ्यारो स्थितिमा रहेको पाइएको छ । रुसी सेनामा क्रियाशील नेपालीको वास्तविक सङ्ख्या र अवस्थाबारे बुझ्न विभिन्न माध्यमबाट पहल गरी थप काम अगाडि बढाउनु पर्छ । रुसी सेनामा रहँदा ज्यान गुमाएका नेपालीलाई अन्तिम संस्कारका लागि नेपाल पठाउन आग्रह गरिएको छ । ज्यान गुमाएका पीडित परिवारलाई उचित क्षतिपूर्ति दिई घाइतेको शीघ्र उपचार गराउने विषयमा कुराकानी भएको छ । त्यहाँ रहेका जीवित र मृतक नेपालीको संख्या पनि पत्ता लगाउने काम सकिएको छैन ।

आर्थिक कूटनीतिको सन्दर्भ अन्तर्राष्ट्रिय समुदायमा नेपालको विद्यमान धारणा, उपस्थिति र व्यावसायिक वातावरण पनि उत्तिकै महत्वपूर्ण हुन्छ । समयक्रम अनुसार वैदेशिक सहयोग वृद्धि हुँदै गए पनि वैदेशिक ऋण पनि चुलिँदै गएको छ । पुँजी, प्रविधि र सिपको सहजीकरणको अभाव छ । प्रभावकारी कूटनीति नहुँदा सस्तो श्रम गर्नुपर्ने बाध्यता छ । हजारौँ नेपाली श्रमिक श्रमको अधिकारबाट वञ्चित छन् । पछिल्लो दशक देशको अर्थतन्त्र

रेमिट्यान्सले चलायमान भई धानिएको छ तर श्रम गन्तव्यमा गएका हजारौँ युवाको मानव अधिकारदेखि श्रमिक अधिकारबारे वकालत गरी प्रचलित मान्यतालाई लागु गर्न सकिएको छैन । श्रम सम्झौता भएका मुलुकबाट पनि पर्याप्त लाभ लिन सकिएको छैन ।

नेपाल एकपछि अर्को कूटनीतिक परीक्षाको घडीमा उभिएका बेला राजदूतको जिम्मेवारी फेरिएको छ । एकातिर, कुशल कूटनीतिक पात्रलाई राजदूत नियुक्त गर्नुपर्ने छ । अर्कातिर, सामयिक विदेश नीति र अभ्यासको खाँचो देखा परेको छ । यस्तो बेला अस्थिर राजनीतिक अभ्यास हुनु हुँदैन । यसले कूटनीतिक क्षेत्रलाई पनि अस्थिर, अपरिपक्व र कमजोर बनाउँछ । यसतर्फ सरकार, राजनीतिक दल र कूटनीतिक क्षेत्रका विज्ञको परिपक्व चासो अत्यावश्यक छ ।

विश्वव्यापी अभ्यास र कूटनीतिक मानकका अनुसार योग्यतामा कूटनीतिक र राजनीतिक अनुभव, अध्ययन, अनुसन्धान तथा विशेषज्ञ व्यक्तिलाई सिफारिस गर्नुपर्ने मान्यता छ । नेपालका सन्दर्भमा आन्तरिक राजनीति, परराष्ट्र नीति, राष्ट्रिय सुरक्षा, अर्थशास्त्र र कानुन, भूराजनीति र अन्तर्राष्ट्रिय सम्बन्धबारे गहन ज्ञान भएको व्यक्ति सिफारिस गर्नुपर्ने मापदण्ड छ । यसर्थ जिम्मेवारीको विषयमा सक्षम, योग्य, दूरदर्शी र सफलतापूर्वक नेतृत्व गर्न सक्ने कूटनीतिक कौशल भएका व्यक्तिबाट मात्र अपेक्षित र प्रभावकारी कार्यसम्पादन हुन सक्छ । आपत्कालीन अवस्थामा समेत कूटनीतिक क्षमताको प्रयोग गरी व्यवस्थापन गर्ने क्षमता भएका विज्ञलाई सरकारले राजदूतको जिम्मेवारी सुम्पिनु पर्छ ।

# ग्रेडबृद्धि परीक्षाका लागि निःशुल्क कक्षा संचालन

• **विनोद सापकोटा**

शिवगञ्ज । सामुदायिक तथा संस्थागत विद्यालयबाट २०८० को एसईई परीक्षाको नतिजामा असफल भएका विद्यार्थीलाई शिवसताक्षीका एक जना वडा अध्यक्षले अतिरिक्त कक्षा सञ्चालन गर्ने भएका छन् । शिवसताक्षी नगरपालिका वडा नम्बर ५ का वडा अध्यक्ष सिकिन पासवानले पुरक परीक्षा अवधिसम्म बिहान र बेलुका एक-एक घण्टा आफै अतिरिक्त कक्षा निःशुल्क सञ्चालन गर्ने बताए । वडा अध्यक्ष पासवान पूर्व शिक्षक हुन् ।



सामाजिक विषयमा अनुत्तीर्ण भई ग्रेडबृद्धि परीक्षाको पर्खाइमा रहेका विद्यार्थीलाई बिहान १ घण्टा र बेलुका १ घण्टा अतिरिक्त कक्षा संचालन गर्ने बताए । उनले स्थानीय शिवगञ्ज बजारको ट्यूसन केन्द्रमा अतिरिक्त कक्षा संचालन गरिने सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन् । उनले बुधबारबाट कक्षा संचालन गरिने बताए ।

वडाध्यक्ष पासवान स्थानीय अश्विन मेमोरियल इङ्लिस बोर्डिङ स्कुलका सामाजिक विषयका पूर्व शिक्षक हुन् । उनले अनिवार्य गणित र ऐच्छिक गणित अध्यापन गराएका थिए ।

स्थानीय अभिभावकका अनुसार वडा अध्यक्ष पासवान 'टेलेन्ट' शिक्षक हुन् । मानविकी संकायमा सामाजिक र राजनीतिक शास्त्रमा स्नातक तह उत्तीर्ण गरेका पासवानले १० वर्षे शिक्षण अवधिको अनुभव लिएका छन् ।

स्थानीय जनआदर्श माध्यमिक विद्यालय, त्रिभुवन माध्यमिक विद्यालय, सगरमाथा अंग्रेजी बोर्डिङ स्कुल, नवकिरण बोर्डिङ स्कुल र दीक्षान्त इङ्लिस बोर्डिङ स्कुलका सामाजिक विषयमा 'नन ग्रेड' प्राप्त विद्यार्थीलाई अध्यापन गराउने उनले बताए । नेकपा एमालेबाटनिर्वाचित पासवानको वडामा एउटा माध्यमिक तहसम्मको संस्थागत विद्यालय छ । माध्यमिक तहको सामुदायिक विद्यालय छैन । तर पनि आफू जिम्मेवार अभिभावक र पूर्व शिक्षक समेत भएकाले वडा नम्बर ४,५,६ र दक्षिणी वडा नम्बर ७ का विद्यार्थी लक्षित कार्यक्रम सञ्चालन गर्न लागेको उनले बताए । उनले छिमेकी पालिका पूर्वी उत्तर गौरीगञ्ज क्षेत्रका विद्यार्थीलाई पनि सहभागिताका लागि अनुरोध गरेका छन् । वडाध्यक्ष पासवानले सो कक्षामा कम्तिमा ३० जना विद्यार्थीको सहभागिता हुने अनुमान गरेका छन् । 'विद्यालयले दिएको जानकारी अनुसार सामाजिक विषयमा 'नन ग्रेड'को संख्या कम छ । मैले ३० जना जतिको अपेक्षा गरेको छु । बढी सङ्ख्या भयो भने अर्को एकजना शिक्षकको सहयोग लिएर कक्षा सञ्चालन गर्ने योजना बनाएको छु,' उनले भने । यसैबीच शिवसताक्षीको शुक्र माध्यमिक विद्यालयका शिक्षक शिक्षिकाले एसईई अनुत्तीर्ण विद्यार्थीलाई निःशुल्क कक्षा सञ्चालन गर्ने बताए ।

कक्षा सञ्चालन गरेबापत विद्यार्थी र विद्यालयबाट शिक्षकले कुनै पनि पारिश्रमिक नलिने उनीहरुले बताएका छन् । 'हामी स्वतःस्फुर्त निःशुल्क अतिरिक्त कक्षा संचालन गर्ने छौं,' प्रधानाध्यापक खगेन्द्र घिमिरेले भने ।

यस्तै झिलझिले माध्यमिक विद्यालयले पनि विद्यार्थीलाई निःशुल्क कक्षा सञ्चालन गर्ने भएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष परशुराम ढुंगानाका अनुसार ट्यूसन वा कोचिङ कक्षा सञ्चालन गरेबापत शिक्षकले कुनै पनि पारिश्रमिक पाउने छैनन् । बर्खे विदाका बेला यी कक्षा सञ्चालन हुनेछन् । विद्यालय प्रशासनका अनुसार विषयगत शिक्षकले अध्यापन गराउने छन् ।
एसईईको ग्रेडवृद्धिका लागि साउन २३ देखि परीक्षा संचालन हुने भएको छ ।

# इलामको रोङमा नसर्ने रोगको खोजी अभियान

झापा(प्रस) । इलामको रोङमा नसर्ने रोग नियन्त्रणसम्बन्धी अभियान सुरु गरिएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा टेकु, विश्व स्वास्थ्य सङ्गठन र स्वास्थ्य कार्यालय इलामको प्राविधिक सहयोगमा पहिलो चरणमा रोङ गाउँपालिकाभित्रका नौ वटा स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीलाई नसर्ने रोगको रोकथाम तथा नियन्त्रण र उच्च रक्तचाप व्यवस्थापनसम्बन्धी तालिम दिइएको हो । पहिलो चरणमा पालिकाभित्रका स्वास्थ्यकर्मीलाई नसर्ने रोगको पहिचान गरी उपचारका चरणका बारेमा तालिम दिइएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख युवराज काफ्लेले जानकारी दिए । विशेषगरी उच्च रक्तचापका कारण लाग्ने ४ प्रकारका रोगमा मुटु तथा रक्तनलीको रोग, मधुमेह, क्यान्सर र श्वासप्रश्वाससम्बन्धी छन् । यी रोगका लक्षण भएका रोगीको टोलस्तरमै पहिचान गरी उपचारको पहुँचमा ल्याउनका लागि अभियान सुरु गरिएको शाखा प्रमुख काफ्लेले जानकारी दिए । उनका अनुसार तालिम प्राप्त स्वाथ्यकर्मीले गाउँगाउँमा गएर नसर्ने रोग भएका बिरामीको पहिचान गरी उपचार सुरु गरिनेछ ।
देशका ७५३ पालिकामध्ये पहिलो पटक रोङ गाउँपालिकामा सुरु भएको अभियानका क्रममा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका डा. साकार खनालले लुकेर रहेका रोगीको रोग पत्ता लगाउन गाउँगाउँ गएर स्क्रिनिङ गर्नुपर्ने बताए । उनले उच्च रक्तचापका बिरामीले रोग लुकाउने र औषधी खान नमान्ने गरेको बताए । उनले भने, "उच्च रक्तचाप नियन्त्रण गर्न हाम्रो खानपान र दैनिक व्यवहारमा परिवर्तन ल्याउन सक्नुपर्दछ ।"
विश्व स्वास्थ्य सङ्गठन नेपालका निर्देशक डा. रायस पोखेलले अभियानले पालिकाभित्रका नसर्ने रोगको समस्या भएका बिरामीको अवस्था थाहा हुने बताए । "पहिलो चरणमा रोग लाग्नै नदिन समुदायमा सचेतना जगाउन जरुरी छ," निर्देशक डा. पोखेलले भने । उनले स्वास्थ्य संस्थाको पहुँचभित्र कति बिरामी नसर्ने रोगका छन भन्ने थाहा पाएपछि चरणबद्ध रुपमा उपचार सरु गरिने जानकारी दिए । उनका अनुसार अभियान सुरु भएको पालिकामा वर्षभरिका लागि आवश्यक पर्ने औषधी समयमै स्वास्थ्य संस्थाहरुमा उपलब्धता गराइनेछ ।
स्वास्थ्य कार्यालय इलामका प्रमुख वरिष्ठ जनस्वास्थ्य अधिकृत आदित्य शाक्यले अहिलेदेखि अभियान थाल्दा समयमै नसर्ने रोग नियन्त्रण गर्न सकिने बताए । अभियानमा विश्व स्वास्थ्य सङ्गठनका कोशी प्रदेश संयोजक डा. सङ्गीता राई, मधेश प्रदेश संयोजक डा. कमलेश यादवलगायतले सहजीकरण गरेका थिए ।
कार्यक्रममा रोङ गाउँपालिका उपाध्यक्ष विष्णुमाया खवासले स्वास्थ्य क्षेत्रका लागि पालिकाले पर्याप्त बजेटको व्यवस्था गरेको जानकारी दिइन् । उपाध्यक्ष खवासले पालिकाभित्रका नागरिक रोग लागेर उपचारको अभावमा मर्न नपरोस् भनेर पालिकाले स्वास्थ्य क्षेत्रलाई बजेटमै समेटिएको जानकारी दिइन् । पालिकाभित्रका स्वास्थ्यकर्मीले आफनो कार्यक्षेत्रमा गएर नसर्ने रोगका बिरामीको खोजी गरी मासिक डायरीमा दर्ता गरी अनलाइनमा दर्ता गर्नेछन् । मासिक रुपमा उच्च रक्तचापको अवस्था थाहा पाउनका लागि अनलाइनमा दर्ता गरी मापन गरिने शाखा प्रमुख काफ्लेले जानकारी दिए ।
गाउँपालिका अध्यक्ष मनिकुमार स्याङ् बोले पालिकामा यसअघिदेखि नै रोगको खोजी अभियान सञ्चालन गरिँदै आएको जानकारी दिँदै विश्व स्वास्थ्य सङ्गठनसहितको सहयोगमा थालिएको अभियानले थप रोगीको खोजी गर्न सहज हुने बताए । उनले भने, "स्वास्थ्यको क्षेत्रमा पालिका संवेदनशील भएर लागेको छ, रोग लागेको मात्र थाहा भयो भने नागरिक बचाउन सकिने रहेछ ।"
गाउँपालिकाले गत वर्षदेखि पालिकाका ६ वटै वडामा विशेषज्ञ चिकित्सकसहितको शिविर सञ्चालन गरी रोगीको खोजी अभियान सञ्चालन गर्दै आएको छ । नेपालमा हाल नसर्ने रोगका कारण ७१ प्रतिशत मानिसको मृत्यु हुने गरेको विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्कमा उल्लेख छ । प्रत्येक १० जनामध्ये ७ जनाको ज्यान नसर्ने रोगका कारण हुने गरेको जनाइएको छ ।
२०१९ को सर्वे अनुसार नेपालमा ४७ लाख मानिस उच्च रक्तचापले ग्रसित छन् । जसमध्ये जम्मा ४ लाखले मात्र उपचार पाइरहेको अवस्था छ । यस मध्ये २ लाख बिरामीको मात्र उच्च रक्तचाप नियन्त्रणमा छ । नेपाल सरकारले २०२५ को अन्त्य सम्ममा १५ लाख उच्च रक्तचापका बिरामीको क्रोनिक केयर गरी उपचार गर्ने लक्ष्य लिइएको जनाइएको छ ।

# क्षयरोगी..

प्रस्तुत गर्दै शाखा संयोजक निरौलाले नगरका क्षयरोगीहरुको संख्यामा घटबढ भईरहेको जानकारी दिइन् । अघिल्लो दुई आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको जेठ मसान्तसम्म १ सय ८४ जना क्षयरोगी फेला परेका छन् । आर्थिक बर्ष २०७८/०७९ मा पीबीसी, पीसीडी, इपीगरी कुल १ सय ८२ जना क्षयरोगी फेला परेको प्रतिवेदनमा उल्लेख छ । आर्थिक वर्ष २०७९/०८० मा २ सय ५ जना थिए । आर्थिक वर्ष २०७८/०७९ मा वडा नम्बर १,२,३,५,७,८,९,१२ र १३ मा क्षयरोगीको संख्या शून्य थियो ।
तर, आर्थिक वर्ष २०७९/०८० मा ती वडाहरुमा क्रमशः २,३ १,३,४,८,९,१४ जना क्षयरोगी फेला परेका थिए । वडा नम्बर १३ मा यो वर्षमा समेत क्षयरोगीको संख्या शून्य छ । सवैभन्दा बढी क्षयरोगी वडा नम्बर –६ मा रहेको प्रतिवेदनले देखाएको छ । यो वडामा आर्थिक वर्ष २०७८/०७९ मा ७५, आर्थिक वर्ष २०७९/०८० मा ६१ र चालु आर्थिक वर्ष २०८०/०८१ को जेठ मसान्तसम्म ४१ जना क्षयरोगी रहेका छन् । यसैगरी वडा नम्बर १ मा चालु आर्थिक वर्ष २०८०/०८१ को जेठ मसान्तसम्ममा ८, वडा नम्बर २ मा ७, वडा नम्बर ३ मा ४, वडा नम्बर ५ मा ६, वडा नम्बर ७ मा १२, वडा नम्बर ८ मा ९ जना रहेका छन् । वडा नम्बर ९ मा १३ जना क्षयरोगी फेला परेका थिए । वडा नम्बर ४ मा आर्थिक बर्ष २०७८/०७९ मा ३०, आर्थिक वर्ष २०७९/०८० मा २६ र चालु आर्थिक वर्ष २०८०/०८१ को जेठ मसान्तसम्ममा १७ जना क्षयरोगी फेला परेका छन् ।
वडा नम्बर १० मा आर्थिक वर्ष २०७८/०७९ मा ३२, आर्थिक वर्ष २०७९/०८० मा ३६ र चालु आर्थिक वर्ष २०८०/०८१ को जेठ मसान्तसम्ममा २० जना क्षयरोगी फेला परेका छन् । वडा नम्बर ११ मा आर्थिक वर्ष २०७८/०७९ मा २१, आर्थिक वर्ष २०७९/०८० मा ८ र चालु आर्थिक वर्ष २०८०/०८१ को जेठमसान्तसम्ममा १० जना क्षयरोगी फेला परेका छन् । वडा नम्बर १२ मा आर्थिक वर्ष २०७९/०८० मा १४ र चालु आर्थिक वर्ष २०८०/०८१ को जेठ मसान्तसम्ममा ५ जना क्षयरोगी फेला परेका छन् । वडा नम्बर १३ मा चालु आर्थिक वर्ष २०८०/०८१ को जेठ मसान्तसम्ममा ७ जना क्षयरोगी फेला परेका छन् । वडा नम्बर १४ मा क्रमशः ६, ७ र ४ तथा वडा नम्बर १५ मा क्रमशः १८, २३ र २ज्ञ जना क्षयरोगी फेला परेको संयोजक निरौलाले जानकारी दिइन् । औषधी प्रतिरोधी क्षयरोगीको संख्या तीन आर्थिक वर्षमा क्रमशः ११, ७ र ३ जना रहेको प्रतिवेदनले देखाएको छ । आर्थिक वर्ष २०७८/०७९ मा नगरका ६ जना र २०७९/०८० मा नगरका १२ जना क्षयरोगीको मृत्यु भएको थियो । क्रमशः ६ र ११ जनाले बीचमै औषधि छाड्ने गरेको तथा ५ र ११ जनामा उपचारले काम नगरेको बताइएको छ ।

समय अवधिभर औषधि सेवन नगर्नु ,औषधि सेवनका क्रममा बीचबाटै हराउनु तथा अझै पनि बिरामीहरु खुलेर क्षयरोग परीक्षण गर्न नजानु नै क्षयरोग मुक्त नगरपालिका घोषणाको मुख्यः चुनौती रहेको छ । 'हो ! हामी क्षयरोग अन्त्य गर्छौं' भन्ने मुख्यः नारासहित मेचीनगर नगरपालिकालाई क्षयरोग मुक्त पालिका घोषणा अभियान अन्तर्गत नगरपालिकामा क्षयरोग बिरामीहरुलाई पोषण प्याकेज बितरण थालिएको स्वास्थ्य शाखा सह संयोजक पुजन अधिकारीले जानकारी दिइन् । अहिले नगरको स्वास्थ्य शाखाका प्राविधिकहरुले क्षयरोगी खोजी गरिरहेको बेला भएकाले रोगीको संख्या बढ्ने क्रममा रहेको र भेटिएका रोगीको उपचार समेत गर्ने काम तत्कालै सुरु भइरहेको स्वास्थ्य शाखा प्रमुख निरौलाले बताइन् । उनका अनुसार क्षयरोगका बिरामीको परीक्षणदेखि उपचारसम्म सरकारले निःशुल्क गर्ने व्यवस्था रहेको छ । मेचीनगरका क्षयरोगीहरुका लागि छातीको एक्सरे समेत नगरपालिकाले निःशुल्क गर्ने व्यवस्था मिलाएको छ । क्षयरोगमुक्त पालिका बनाउन प्रतिवर्ष प्रति १० लाखमा १ भन्दा कम बिरामीको संख्या भएमा अन्त्य भएको मानिने छ । क्षयरोग निवारणका लागि स्थानीय पालिकामा नगरप्रमुखको संयोजकत्वमा नगर उपप्रमुख, वडाध्यक्ष, शिक्षक, स्वास्थ्य संस्थाका कर्मचारीलगायतको टोली र वडास्तरमा समेत समिति गठन गरिएको छ । पालिकाले क्षयरोगका बिरामीलाई गुणस्तरीय स्वास्थ्य सेवा दिने, घोषणा गर्ने, घरधुरी सर्वेक्षण गर्ने, शंका लागेकाको परीक्षण गर्ने, वडास्तरमा सुक्ष्म योजना बनाएर गाउँमा स्वास्थ्यकर्मी परिचालन, नगर र वडास्तरमा समिति गठनलगायतका कार्य थालेको छ ।
विद्यालयमा क्षयरोगसम्बन्धी स्वास्थ्य शिक्षा, क्षयरोग कार्यक्रममा स्थानीय युवा परिचालन, क्षयरोग रोग प्रभावित व्यक्ति पत्ता लगाउन महिला स्वास्थ्य स्वयम्सेविका र आमा समूह परिचालन, क्षयरोग प्रभावित व्यक्तिका लागि सीप विकास तालिम, क्षयरोग मुक्त अभियान कार्यक्रममा विरामी सहयोग समूहको संलग्नता, क्षयरोग मुक्त अभियान कार्यक्रममा नागरिक समाज संगठनको संलग्नता, क्षयरोग विरामीका लागि सामाजिक सुरक्षा तथा गरिबी निवरणका लागि पौरवी गर्ने , वार्षिकरुपमा सामाजिक लेखा परीक्षणलगायतका स्थानीय स्तरमा गरिने क्षयरोग मुक्त नेपाल घोषणा अभियान सम्बन्धी कार्यक्रमहरु रहेको प्रतिवेदनमा उल्लेख छ । आगामी आर्थिक वर्ष २०८२/०८३ मा मेचीनगरलाई क्षयरोग मुक्त नगर घोषणा गर्न क्षयरोगका विरामीहरु खोज्ने अभियान तीव्र पारेको प्रतिवेदनमा उल्लेख छ ।

# इलाममा ३० प्रतिशत धान रोपाइँ



झापा(प्रस) । इलाममा यस वर्ष ३० प्रतिशत धान रोपाइँ भएको छ । जिल्लामा मध्य असारसम्ममा ३० प्रतिशत रोपाइँ भएको र अझै रोपाइँ गर्ने क्रम जारी रहेको कृषि ज्ञान केन्द्र इलामले जनाएको छ ।
जिल्लाको तल्लो क्षेत्र अर्थात् चुलाचुली गाउँपालिका, माई, इलाम, देउमाई नगरपालिका, फाकफोकथुम, माङ्सेबुङ, सन्दकपुर र माइजोगमाई गाउँपालिकाको तल्लो भेगमा धान खेती हुने गरेको छ । जिल्लास्थित ज्ञान केन्द्रको तथ्याङ्क अनुसार १४ हजार ८१५ हेक्टर जमिनमा लगाइएको धानबाट गएको वर्ष ४९ हजार मेट्रिक टन धान उत्पादन भएको थियो । यो वर्ष निरन्तर वर्षा भइरहेकाले धान खेती पनि वृद्धि हुने र उत्पादन पनि वृद्धि हुने अनुमान गरिएको कृषि ज्ञान केन्द्र इलामका कृषि

❖ बाँकी अन्तिम पृष्ठमा

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्कः
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

**वृष** आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

**मिथुन** अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

**कर्कट** मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

**सिंह** । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कन्या** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने